विधेयक संख्या :- १६

# राहदानीसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

## संघीय संसद् सचिवालय

## संसद भवन

## सिंहदरबार ।

# उद्देश्य र कारण

मौजुदा राहदानी ऐन, २०२४ ले गरेका व्यवस्थाहरू अपुरो भएको र समयसापेक्ष रूपमा परिमार्जन तथा परिवर्तन गरी नयाँ ऐन जारी गर्नुपर्ने आवश्यकता रहेको छ । विश्वव्यापीकरणको कारण सृजित अवसरहरूमा पहुँचका लागि नागरिकहरूको विदेश जाने र स्वदेश आउने क्रम बढिरहेकोछ ।अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनका नवीनतम मान्यतालाई सम्बोधन गरी राहदानी जारी गर्नुपर्ने र सोहीअनुसार नियमित र व्यवस्थित गर्नुपर्ने राज्यको दायित्वसमेत सृजना भएकोछ ।

अन्तर्राष्ट्रिय मान्यताअनुसार राहदानी जारी गर्नु, राहदानी जारी गर्ने निकायको अधिकार र कर्तव्य सुनिश्चित गर्नु, राहदानी जारी गर्ने प्रक्रियालाई सरल र पारदर्शी बनाई व्यवस्थित एवं नियमित गरी राहदानीको दुरुपयोग गरिएमा अनुसन्धान गर्ने कानुनी संरचनाको स्थापना गर्दै दण्डसजायको व्यवस्था गर्नु यस विधेयकको मुख्य उद्देश्य रहेका छन् ।

तसर्थ विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई जारी गरिने राहदानी, यात्रा अनुमतिपत्रलगायत राहदानीसँग सम्बन्धित विषयलाई नियमित र व्यवस्थित गरी राहदानीसम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएकोले यो विधेयक यस सम्मानित सदनसमक्ष पेश गरेको छु ।

मितिः

प्रदीपकुमार ज्ञवाली
मन्त्री
परराष्ट्र मन्त्रालय

# प्रत्यायोजित व्यवस्थापनसम्बन्धी

# टिप्पणी

राहदानीसम्बन्धी कानुनी व्यवस्थालाई एकीकरण र संशोधन गर्न बनेको विधेयकमा रहेका प्रत्यायोजित व्यवस्थापनसम्बन्धी टिप्पणी देहायबमोजिम पेश गरिएको छ ।

| क्र. स. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापनअन्तर्गत बनाउने कानूनको प्रकृति र सीप | प्रत्यायोजित व्यवस्थापनबाट पर्नसक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | ५ को उपदफा २ | कूटनीतिक, विशेष, सर्भिस तथा साधारण राहदानीको बहाल अवधि निश्चित गर्नुपर्ने भएकाले । | कूटनीतिक, विशेष, सर्भिस तथा साधारण राहदानीको बहाल अवधि राहदानीको प्रकृति र प्रयोजन निश्चित गरी नियमावलीमा तोकिने । | कूटनीतिक, विशेष, सर्भिस तथा साधारण राहदानीको प्रकृति, प्रयोजन विचार गरी अवधि तोकिँदा राहदानी प्राप्त गर्ने व्यक्तिको अधिकार र प्रयोजनको अवधि स्पष्ट हुने। |
| २ | ६ | सरकारी कामको सिलसिलामा विदेश जाने के कस्ता पदाधिकारीले कूटनीतिक राहदानी प्रदान गर्ने भन्ने व्यवस्था गर्न आवश्यक भएकाले । | सरकारी कामको सिलसिलामा विदेश जाने पदाधिकारले पाउने कूटनीतिक राहदानी कुन कुन पदाधिकारीले के कसरी पाउने भन्ने कार्यविधिगत व्यवस्था नियमावलीमा तोकिने। | कूटनीतिक राहदानी पाउने पदाधिकारीहरू तोकिने हुनाले कूटनीतिक राहदानीको प्रयोग मर्यादित हुने । |
| ३ | ७. | सरकारी कामको सिलसिलामा विदेश जाँदा के कस्ता पदाधिकारी तथा कर्मचारीलाई विशेष | सरकारी कामको सिलसिलामा विदेश जाने पदाधिकारी तथा कर्मचारीलाई प्रदान गरिने विशेष राहदानी कुन कुन पदाधिकारीले के कसरी पाउने भन्ने कार्यविधिगत व्यवस्था नियमावलीमा | विशेष राहदानी प्राप्त गर्ने पदाधिकारी तथा कर्मचारीहरू तोकिने हुनाले स्पष्ट हुन जाने र राहदानीको प्रयोग |

संघीय संसद सचिवालय

| | | | | |
|---|---|---|---|---|
| | | राहदानी प्रदान गर्ने भन्ने व्यवस्था गर्न आवश्यक भएकाले । | तोकिने । | मर्यादित तथा व्यवस्थित हुने । |
| ४. | ९. | नेपाली नागरिकले विदेश भ्रमण गर्दा प्राप्त गर्ने साधारण राहदानी जारी गर्ने व्यवस्था निर्धारण गर्न आवश्यक भएकाले । | विदेश भ्रमण गर्दा नेपाली नागरिकले लिने साधारण राहदानी जारी गर्ने प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने । | साधारण राहदानी जारी गर्ने कार्यविधिगत प्रक्रिया निर्धारण हुने भएकाले साधारण राहदानी प्राप्त गर्ने विधि सुनिश्चित हुने र राहदानीको प्रयोग मर्यादित हुने। |
| ५ | १० को उपदफा १ | राहदानी लिनका लागि निवेदन दिने निकायको व्यवस्था गर्नुपर्ने भएकाले राहदानी जारी गर्दा दिइने निवेदन यसका शर्त र प्रक्रिया सम्बन्धमा व्यवस्था गर्नुपर्ने भएकाले । | राहदानीका लागि निवेदन दिने निकायका रूपमा राहदानी विभाग, विदेशस्थित नेपाली नियोग तथा अन्य निकायसमेत तोकी नियमावलीबाट व्यवस्थित गरिने । राहदानी जारी गर्दा लिइने निवेदनको ढाँचा र शर्त नियमावलीमा तोकिने । | नेपाली नागरिकलाई राहदानी प्राप्त गर्न सहज र सरल हुनेगरी निकायहरू तोकिने भएकाले निजहरूले राज्यबाट प्राप्त गर्ने सेवा सुविधामा सहजता हुने । राहदानी जारी गर्दा पुऱ्याउनुपर्ने कार्यविधिगत प्रक्रिया निर्धारण हुने । |
| ६. | १० को उपदफा २ | १६ वर्षभन्दा कम उमेरका नाबालकले विदेश भ्रमण गर्दा पेश गर्नुपर्ने कागजातका सम्बन्धमा व्यवस्था गर्नुपर्ने भएकाले । | १६ वर्षभन्दा कम उमेरका नाबालकले विदेश भ्रमण गर्नुपर्दा निजका संरक्षक वा माथवरले निजका नाममा राहदानी लिनुपर्ने भएमा के कस्ता कागजात पेश गर्नुपर्ने भन्ने व्यवस्था नियमावलीमा तोकिने । | १६ वर्षभन्दा कम उमेरका नाबालकले समेत राहदानी प्राप्त गर्नसक्ने अधिकार सुनिश्चित हुने र राहदानी जारी गरिने प्रक्रिया स्पष्ट हुने । |
| ७. | ११ को उपदफा २ | राहदानी वितरण सम्बन्धमा व्यवस्था गर्नुपर्ने भएकाले । | नेपाल सरकारका अन्य निकायमा राहदानीका लागि निवेदन दिन सकिने व्यवस्था गरिएअनुरूप वितरण पनि सोही निकायबाटै गर्नेगरी प्रक्रिया र शर्त | राहदानी वितरणमा नागरिककलाई सहज पहुँच पुग्ने र वितरण |

संघीय संसद सचिवालय

| | | | | |
|---|---|---|---|---|
| | | | नियमावलीमा तोकिने । | प्रणाली व्यवस्थित हुने । |
| ८. | १७ को उपदफा १ | यात्रा अनुमतिपत्र जारी गर्ने शर्त र अवस्था सम्बन्धमा निर्धारण गर्नुपर्ने भएकाले । | यात्रा अनुमतिपत्र के कस्ता शर्त र अवस्थामा जारी गरिने भन्ने व्यवस्था नियमावलीमा व्ययस्थित गरिने । | यात्रा अनुमतिपत्र जारी गर्दा पुर्‍याउनुपर्ने कार्यविधिगत प्रक्रियासमेत निर्धारण हुने। |
| ९. | दफा १८ को उपदफा | पानीजहाजमा काम गर्न जाने नेपाली रोजगारहरूका लागि अन्तर्राष्ट्रिय मान्यता प्राप्त हुनेगरी साधारण राहदानीका साथसाथै जहाजमा काम गर्ने परिचय जनाउने सिम्यान्स राहदानी जारी गर्दा पेश गर्ने कागजात र शर्त सम्बन्धमा व्यवस्था गर्नुपर्ने भएकाले । | सिम्यान्स पासपोर्ट जारी गर्दा पेश गर्नुपर्ने कागजात र शर्त नियमावलीमा तोकी व्यवस्थित गरिने । | पानीजहाजमा काम गर्न जाने नेपाली रोजगारको परिचय र पहिचान स्पष्ट हुने र निजले अर्को मुलुकमा प्रवेश गर्दा पाउने अधिकार र सुविधा सुनिश्चित हुने । |
| १०. | दफा २४ | राहदानीको रङ्ग, ढाँचा र आकार सम्बन्धमा व्यवस्था गर्नुपर्ने भएकाले । | विभिन्न प्रकारका राहदानीको रङ्ग, ढाँचा र आकार नियमावलीबाट निर्धारण गरिने। | विभिन्न प्रकारका राहदानीको रङ्ग, ढाँचा र आकार स्पष्ट हुने र अन्तर्राष्ट्रिय मान्यताअनुसार परिमार्जन गर्दै जान सहज हुने । |
| ११. | दफा २५ को उपदफा २ | साधारण राहदानी, यात्रा अनुमतिपत्र, सिम्यान्स पासपोर्ट, अस्थायी राहदानी र विशेष | साधारण राहदानी, यात्रा अनुमतिपत्र, सिम्यान्स पासपोर्ट, अस्थायी राहदानी र विशेष राहदानीवापत लाग्ने दस्तुर नियमावलीमा तोकिने । | राज्यले प्रदान गर्ने सेवा सुविधालाई गुणस्तरीय बनाउन राजस्वमा वृद्धि हुने र कार्यविधि |

संघीय संसद सचिवालय

| | | | | |
|---|---|---|---|---|
| | | अवस्थामा जारी गरिने राहदानीवापत लाग्ने दस्तुरका सम्बन्धमा व्यवस्था गर्नुपर्ने भएकाले । | | सरलीकृत हुने । |
| १२ | दफा २३. | ऐनद्वारा प्रत्यायोजित व्यवस्थाहरूको लागि नियमावली तथा निर्देशिका बनाउन आवश्यकता भएकाले। | ऐनले प्रत्यायोजन गरेका विषयहरूमा नेपाल सरकारले नियमावली बनाउने तथा मन्त्रालयले निर्देशिका बनाई लागु गर्न सक्ने। | ऐनद्वारा प्रत्यायोजित विषयमा नियमावली लागु भई ऐनको कार्यान्वयन सहज हुने र कानुनी शासन सुदृढ गर्ने पद्धति विकसित हुने । |

संघीय संसद सचिवालय

# <u>राहदानीसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना:</u>** विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई जारी गरिने राहदानी, यात्रा अनुमतिपत्रलगायत राहदानीसँग सम्बन्धित विषयलाई नियमित र व्यवस्थित गरी राहदानीसम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "राहदानी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ख) “नियोग” भन्नाले कुनै विदेशी मुलुकस्थित नेपाली राजदूतावास, स्थायी नियोग, नेपाली महावाणिज्यदूतावास, वाणिज्यदूतावास, विशेष नियोग सम्झनुपर्छ र सो शब्दले कूटनीतिक कार्य गर्न नेपाल सरकारले स्थापना गरेको विदेशस्थित कुनै कार्यालयसमेतलाई जनाउँछ ।

(ग) “मन्त्रालय” भन्नाले नेपाल सरकार, परराष्ट्र मन्त्रालय सम्झनुपर्छ ।

(घ) “यात्रा अनुमतिपत्र” भन्नाले दफा १७ बमोजिम जारी गरिने यात्रा अनुमतिपत्र सम्झनुपर्छ ।

(ङ) “राहदानी” भन्नाले विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई नेपाल सरकारबाट दिइने मेसिन रिडेबल, इलेक्ट्रोनिक वा बायोमेट्रिक राहदानी सम्झनुपर्दछ ।

(च) “विभाग” भन्नाले राहदानी विभाग सम्झनुपर्छ ।

संघीय संसद सचिवालय

## परिच्छेद–२
## राहदानीसम्बन्धी

३. **राहदानी लिनुपर्नेः** (१) नेपाली नागरिकले विदेश भ्रमण गर्दा बहाल अवधि बाँकी रहेको राहदानी साथमा लिएर भ्रमण गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार र कुनै विदेशी राज्य वा सरकारबीच भएको सन्धि, सम्झौताबमोजिम कुनै देशमा जान नेपाली नागरिकलाई राहदानी आवश्यक पर्ने रहेनछ भने त्यस्तो देशमा राहदानी नलिई भ्रमण गर्न सकिनेछ ।

४. **राहदानी जारीः** (१) राहदानी जारी गर्ने अधिकार नेपाल सरकारको हुनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारको तर्फबाट राहदानी जारी गर्ने काम विभागबाट हुनेछ ।

(३) विभागले राहदानी वा यात्रा अनुमतिपत्र जारी गर्दा अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को प्रचलित मापदण्डबमोजिम जारी गर्नु पर्नेछ ।

५. **राहदानीको प्रकारः** (१) दफा ४ बमोजिम जारी हुने राहदानीको प्रकार देहायबमोजिम हुनेछन्:-

(क) कूटनीतिक राहदानी,

(ख) विशेष राहदानी,

(ग) सर्भिस राहदानी,

(घ) साधारण राहदानी ।

(२) उपदफा (१) बमोजिम जारी गरिने राहदानीको अवधि तोकिएबमोजिम हुनेछ ।

६. **कुटनीतिक राहदानीः** सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा जाने तोकिएबमोजिमका पदाधिकारीलाई सम्बन्धित मन्त्रालय, संवैधानिक निकाय वा सचिवालयबाट मनोनयन भई निर्णयसहित लेखी आएमा विभागले कूटनीतिक राहदानी जारी गर्नेछ ।

७. **विशेष राहदानीः** नेपाल सरकार, प्रदेश सरकार वा कुनै सरकारी निकायबाट मनोनयन भई सरकारी काम, अध्ययन, अध्ययन भ्रमण वा तालीमको सिलसिलामा विदेश भ्रमणमा जाने तोकिएबमोजिमका पदाधिकारी तथा कर्मचारीलाई सम्बन्धित निकायबाट निर्णयसहित लेखी आएमा विभागले विशेष राहदानी जारी गर्नेछ ।

संघीय संसद सचिवालय

८. **<u>सर्भिस राहदानी</u>ः** (१) नियोगमा खटिई जाने राजदूत, स्थायी प्रतिनिधि, विशेष प्रतिनिधि, महावाणिज्यदूत तथा राजपत्रांकित तहका कर्मचारीकासाथ जाने निजी सहयोगी र श्रेणीविहिन कर्मचारीलाई मन्त्रालयबाट लेखी आएमा विभागले सर्भिस राहदानी जारी गर्नेछ।

(२) नियोगमा स्थानीय कर्मचारीको रूपमा कार्यरत नेपाली नागरिकलाई मन्त्रालय वा नियोगबाट लेखि आएमा विभागले सर्भिस राहदानी जारी गर्न सक्नेछ ।

९. **<u>साधारण राहदानी</u>ः** (१) विभागले नेपाली नागरिकलाई साधारण राहदानी जारी गर्न सक्नेछ ।

(२) साधारण राहदानीसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१०. **<u>राहदानीको लागि निवेदन दिनुपर्ने</u>ः** (१) राहदानी लिन चाहने नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि वा नेपाल सरकारबाट जारी राष्ट्रिय परिचयपत्रको सक्कल र सोको प्रतिलिपि तथा तोकिएबमोजिमका कागजात संलग्न गरी तोकिएबमोजिमको ढाँचामा विभाग, नियोग वा तोकिएको निकायमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोह्र वर्षभन्दा कम उमेरका नाबालक नेपाली नागरिकको हकमा निवेदकसहित निजको बाबु, आमा, संरक्षक वा माथवरले तोकिएबमोजिमका कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(३) नाबालकको नाममा राहदानी जारी गर्न निजको बाबु, आमा, संरक्षक वा माथवरले निवेदन नदिएको भए तापनि देहायको अवस्थामा विभागले राहदानी जारी गर्न सक्नेछः-

(क) अदालतले त्यस्तो नाबालकको नाममा राहदानी जारी गर्न आदेश जारी गरेमा, वा

(ख) तोकिएबमोजिमको अन्य अवस्थामा ।

(४) उपदफा (१) र (२) बमोजिम राहदानीका लागि परेका निवेदनउपर विभागले जाँचबुझ गर्दा राहदानी जारी गर्न मिल्ने देखिएमा त्यसको अभिलेख राखी राहदानी जारी गर्नेछ।

११. **<u>राहदानीको वितरण</u>ः** (१) राहदानीको लागि जुन निकायमा निवेदन दिएको छ सोही निकायले अभिलेख राखी राहदानी वितरण गर्नेछ ।

(२) राहदानी वितरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

संघीय संसद सचिवालय

१२. **<u>राहदानी जारी नगरिने</u>:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिको नाममा राहदानी जारी गरिने छैनः-

(क) गैरनेपाली नागरिक,

(ख) राहदानी तथा अध्यागमनसम्बन्धी कसुरमा कानूनबमोजिम मुद्दा चलिरहेको वा अदालतबाट कसुरदार ठहर भई सजाय भोगिरहेको,

(ग) बैङ्क तथा वित्तीय संस्थाको ऋण तिर्न नसकी प्रचलित कानूनबमोजिम कालो सूचीमा परेको,

(घ) भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरणको अभियोगमा मुद्दा चलिरहेको वा अदालतबाट कसुरदार ठहर भई सजाय भोगिरहेको,

(ङ) मानव बेचबिखन वा अपहरण वा लागूऔषध वा अवैध हातहतियार कारोबार वा सङ्गठित अपराध वा आतङ्कवादसम्बन्धी कसुरमा मुद्दा चलिरहेको वा अदालतबाट कसुरदार ठहर भई सजाय भोगिरहेको,

(च) नेपाल सरकार वा अदालतको आदेशबाट विदेश जान रोक लगाएको वा राहदानी जारी नगर्न वा जारी भएको राहदानी रद्द गर्न आदेश भएको,

(छ) कुनै सरकारी निकायबाट राहदानी रोक्का राख्ने वा जारी नगर्ने भनी लेखी आएको,

(ज) राहदानीबाहकको नाममा जारी भएको राहदानीको बहाल अवधि एक वर्षभन्दा बढी बाँकी रहेको ।

(२) विभागले उपदफा (१) बमोजिमको कारणबाट साधारण राहदानी जारी गर्न नसक्ने भएमा सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिमका कसुरमा अदालतबाट सफाइ पाएमा वा कानूनबमोजिम सजाय भुक्तान गरेमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गर्न सकिनेछ ।

(४) उपदफा (१) को खण्ड (च) वा (छ) बमोजिमको अवस्था विद्यमान नरहेको भनी सम्बन्धित निकायबाट लेखी आएमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गर्न सकिनेछ ।

संघीय संसद सचिवालय

१३. **<u>एकभन्दा बढी राहदानी जारी गर्न सकिने</u>:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राहदानीको बहाल रहने अवधि बाँकी रहँदै देहायको अवस्थामा नयाँ राहदानी जारी गर्न सकिनेछः-

(क) कूटनीतिक वा विशेष राहदानीबाहकले साधारण राहदानी प्राप्त गर्न निवेदन दिएमा,

(ख) साधारण राहदानीबाहकले प्रचलित कानूनबमोजिम कूटनीतिक वा विशेष राहदानी प्राप्त गर्न निवेदन दिएमा ।

१४. **<u>राहदानीको बहाल अवधि रहँदै राहदानी जारी गर्न सकिने</u>:** दफा १२ को उपदफा (१) को खण्ड (ज) मा जुनसुकै कुरा लेखिएको भए तापनि राहदानीबाहकको नाममा जारी भएको राहदानीको बहाल अवधि एक वर्षभन्दा बढी बाँकी रहेको भए तापनि देहायको अवस्थामा नयाँ राहदानी जारी गर्न सकिनेछः-

(क) राहदानी पुरानो भई पढ्न नसकिने भएमा, च्यातिई, झुत्रो भई वा विवरणमा त्रुटि भई प्रयोग गर्न नमिल्ने भएमा,

(ख) राहदानीको पानाहरू भरिई पर्याप्त पाना नभएमा,

(ग) महिलाको थर परिवर्तन भएमा,

(घ) विभागबाट तयार भइसकेको राहदानी सम्बन्धित व्यक्तिलाई वितरण नहुँदै हराएमा वा नासिएमा,

(ङ) नाबालकको उमेर सोह्र वर्ष पुगी राहदानी लिन चाहेमा,

(च) विशेष अवस्थामा राहदानी जारी भएको अवस्था भएमा,

(छ) तोकिएबमोजिमका अन्य अवस्थामा ।

१५. **<u>राहदानी रद्द गर्न सकिने</u>:** (१) विभागले देहायको अवस्थामा राहदानी रद्द गर्न सक्नेछः-

(क) राहदानीबाहकले आफ्नो नाममा जारी भएको राहदानी हराएको कुरा विभाग वा नियोगलाई जानकारी गराएमा,

(ख) अदालतको आदेशबाट राहदानी रद्द वा खारेज भएमा,

(ग) राहदानीबाहक नेपाली नागरिक कायम नरहेमा,



संघीय संसद सचिवालय

(घ) गैरनेपाली नागरिकले राहदानी प्राप्त गरेको प्रमाणित भएमा,

(ङ) झुटो विवरण पेश गरी राहदानी प्राप्त गरेमा,

(च) राहदानीको लागि निवेदन दिई तोकिएको समयभित्र निवेदकले राहदानी नलिएमा ।

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिम राहदानी रद्द गरिएको जानकारी विभागले नेपाल सरकारको सम्बन्धित निकाय, नेपालस्थित विदेशी नियोग र नेपालस्थित इन्टरपोलको कार्यालयलाई दिनु पर्नेछ ।

(३) कुनै नेपाली नागरिकको राहदानी विदेशमा हराई नयाँ राहदानीका लागि नियोगमा निवेदन दिएमा नियोगले राहदानीबाहकको सम्पूर्ण विवरण र राहदानी नम्बरसमेत खुलाई हराएको राहदानी रद्द गर्नको लागि विभागमा लेखी पठाउनु पर्नेछ र सोको जानकारी नेपालस्थित अध्यागमन कार्यालय, सम्बन्धित नियोग रहेको मुलुकको विदेश मामिला हेर्ने मन्त्रालय र उक्त मुलुकमा रहेका विदेशी नियोगलाईसमेत दिनु पर्नेछ ।

**१६. <u>राहदानी प्रयोग गर्ने</u>:** (१) नेपाल सरकारको निर्णयबमोजिम कूटनीतिक वा विशेष राहदानीप्राप्त पदाधिकारीले सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्दा मात्र त्यस्तो राहदानी प्रयोग गर्नु पर्नेछ ।

(२) कूटनीतिक वा विशेष राहदानीबाहकले उपदफा (१) बमोजिमको प्रयोजन समाप्त भएपछि त्यस्तो राहदानी विभागमा बुझाउनु पर्नेछ ।

तर तोकिएको सार्वजनिक पद धारण गरेको व्यक्तिले तोकिएबमोजिमको अवधिसम्म कूटनीतिक वा विशेष राहदानी आफूसँग राख्न सक्नेछ।

## परिच्छेद–३
## <u>यात्रा अनुमतिपत्र तथा सिम्यान्स अभिलेख किताबसम्बन्धी</u>

**१७. <u>यात्रा अनुमतिपत्र</u>:** (१) विभाग र नियोगले यात्रा अनुमतिपत्र जारी गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम जारी हुने यात्रा अनुमतिपत्र प्राप्त गर्ने शर्त र जारी गर्नुपर्ने अवस्था तोकिएबमोजिम हुनेछ ।

**१८. <u>सिम्यान्स अभिलेख किताब (सिम्यान्स पासपोर्ट)</u>:** (१) पानीजहाजमा काम गर्न जाने नेपाली नागरिकलाई विभाग वा नियोगले सिम्यान्स पासपोर्ट जारी गर्न सक्नेछ ।

संघीय संसद सचिवालय

(२) साधारण राहदानीबाहकले पानीजहाजमा काम गर्न जाने प्रयोजनको लागि विभाग वा नियोगमा सिम्यान्स पासपोर्टको लागि तोकिएबमोजिमका कागजात संलग्न गरी निवेदन दिएमा तोकिएका शर्तको अधीनमा रही विभाग वा नियोगले सिम्यान्स पासपोर्ट जारी गर्नेछ ।

## परिच्छेद–४

## अस्थायी तथा विशेष अवस्थामा जारी गर्ने राहदानीसम्बन्धी

१९. **अस्थायी राहदानी जारी गर्न सकिने**: विदेशमा रहेको नेपाली नागरिकको राहदानी बहाल रहने अवधि समाप्त भएमा, हराएमा, नासिएमा वा झुत्रो भएको कारणले प्रयोग गर्न नसकिने भई नयाँ राहदानी बनाउनको लागि नियोगमा निवेदन दिएमा निजलाई नयाँ राहदानी जारी नहुन्जेलसम्मका लागि बढीमा नौ महिना अवधिको लागि नियोगले अस्थायी राहदानी जारी गर्न सक्नेछ ।

२०. **विशेष अवस्थामा जारी गर्ने राहदानी**: (१) कुनै नेपाली नागरिकको नाबालक छोरा वा छोरी विदेशमा गई बसेको र निज सोह्र वर्ष उमेर पुगी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरी नसकेको अवस्थामा निजले विदेशी मुलुकको नागरिकता नलिएको तथा विदेशी नागरिकता प्राप्तिको लागि निवेदन नदिएको प्रमाणसहित तोकिएबमोजिमका कागजात संलग्न गरी निवेदन दिएमा नियोगले बढीमा दुई वर्षको अवधि रहने गरी एकपटक निजका नाममा साधारण राहदानी जारी गर्न सक्नेछ ।

तर काबुबाहिरको परिस्थिति परी निजले नेपाली नागरिकताको प्रमाणपत्र लिन नसकेको कारण खुलाई निवेदन दिएमा नियोगले निजलाई थप दुई वर्षका लागि साधारण राहदानी जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र त्यस्तो राहदानीबाहकले नेपाली नागरिकताको प्रमाणपत्र लिई साधारण राहदानी लिइसक्नु पर्नेछ ।

## परिच्छेद–५

## कसुर र दण्ड सजायसम्बन्धी

२१. **कसुर**: कसैले देहायको कुनै कार्य गरेमा, गर्न लगाएमा वा गर्न सहयोग गरेमा यस ऐनबमोजिमको कसुर गरेको मानिनेछः-

(क) झुट्टा विवरण दिई राहदानी वा यात्रा अनुमतिपत्र लिएमा वा लिन प्रयत्न गरेमा,

(ख) यस ऐनबमोजिम राहदानी वा यात्रा अनुमतिपत्र नलिई विदेश भ्रमण गरेमा वा गर्ने प्रयत्न गरेमा,

(ग) नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालना नगरेमा,

(घ) जुन उद्देश्यको लागि राहदानी जारी गरिएको हो सोबाहेक अन्य उद्देश्यको लागि राहदानीको प्रयोग गरेमा,

(ङ) आफ्नो राहदानी अरूलाई प्रयोग गर्न दिएमा वा अर्काको नामको राहदानी प्रयोग गरेमा,

(च) राहदानीमा भएको फोटो वा विवरण सच्याएमा,

(छ) अन्य व्यक्तिको राहदानी निजको मञ्जुरी नलिई बदनियतपूर्वक नियन्त्रणमा राखेमा,

(ज) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी अन्य कुनै काम कारबाही गरेमा ।

२२. **सजायः** (१) कसैले दफा २१ को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्नेलाई दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कसैले उपदफा (१) मा लेखिएदेखि बाहेक यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमविपरीत कुनै काम गरेमा निजलाई पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (१) र (२) मा उल्लेखित सजाय हुने कुनै कसुर गर्न कसैले आदेश दिएमा वा दुरुत्साहन गरेमा कसुरदारलाई भएसरह र कसुर गर्न सहयोग गर्ने मतियारलाई त्यस्तो कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

२३. **प्रचलित कानूनबमोजिम कारबाही गर्न बाधा नपर्नेः** यस ऐनअन्तर्गत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानूनबमोजिमसमेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलित कानूनबमोजिम मुद्दा चलाई कारबाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद–६
## विविध

२४. **राहदानीको रङ, ढाँचा र आकारः** दफा ५, १७, १८, १९ र २० बमोजिम जारी गरिने राहदानीको रङ, ढाँचा र आकार तोकिएबमोजिम हुनेछ ।

२५. **दस्तुरः** (१) कूटनीतिक, विशेष र सर्भिस राहदानी जारी गर्दा कुनै दस्तुर लाग्ने छैन ।

(२) साधारण राहदानी, यात्रा अनुमतिपत्र, सिम्यान्स अभिलेख किताब, अस्थायी राहदानी र विशेष अवस्थामा जारी गरिने राहदानी जारी गर्दा तोकिएबमोजिम दस्तुर लाग्नेछ।

२६. **राहदानी फिर्ता दिन सकिने:** (१) साधारण राहदानीबाहकले आफ्नो नाममा जारी गरिएको राहदानी आफूलाई आवश्यक नभएको वा अन्य कुनै कारणले आफूसँग राख्न नसक्ने भनी विभागमा फिर्ता दिन सक्नेछ ।

(२) विभागले उपदफा (१) बमोजिम फिर्ता दिएको राहदानी रद्द गर्नेछ ।

२७. **विद्युतीय अभिलेख तथा पर्सनलाइजेसन:** (१) राहदानीको लागि निवेदनसाथ सम्बन्धित निकायबाट प्रमाणित भई आएका निवेदकका निजी विवरण विभागले प्रविधि (टेक्नोलोजी) समेतको माध्यमबाट प्रशोधन गरी राहदानी पर्सनलाइजेसनसम्बन्धी कार्य गर्नेछ ।

(२) विभागले राहदानी, यात्रा अनुमतिपत्र तथा सिम्यान्स अभिलेख किताबको विद्युतीय अभिलेख तोकिएबमोजिमको ढाँचामा तयार गरी सुरक्षित राख्नु पर्नेछ ।

(३) नियोगबाट जारी भएका यात्रा अनुमतिपत्र तथा सिम्यान्स अभिलेख किताबको विवरण प्रत्येक तीन महिनामा विभागमा पठाउनु पर्नेछ ।

२८. **कागजात सुरक्षित राख्नु पर्ने:** (१) राहदानीको लागि दिएका निवेदनलगायत संलग्न कागजातहरू राहदानी जारी भएको मितिले बाह्र वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

(२) विभागले यस ऐनबमोजिम रद्द भएका राहदानी तोकिएबमोजिम धुल्याउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका कागजातको धुल्याउने प्रक्रिया प्रचलित कानूनबमोजिम हुनेछ ।

२९. **सरकार वादी हुने:** यस ऐनअन्तर्गत सजाय हुने कसुरसम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

३०. **पुनरावेदन:** विभागले राहदानी जारी गर्न इन्कार गरेमा वा राहदानी रद्द गर्ने निर्णय गरेमा चित्त नबुझ्ने व्यक्तिले सोको सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र विभाग रहेको जिल्लाको जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३१. <u>**अधिकार प्रत्यायोजन**</u>: विभागले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकताअनुसार अन्य निकाय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३२. <u>**असल नियतले गरेको कामको बचाउ**</u>: यस ऐनबमोजिम असल नियतले गरेको कामको सम्बन्धमा कुनै पनि कर्मचारी व्यक्तिगत रूपमा उत्तरदायी हुने छैन ।

तर लापर्बाहीपूर्वक गरेको कामबाट उत्पन्न परिणामलाई यस दफाको व्यवस्थाले कुनै असर पारेको मानिने छैन ।

३३. <u>**नियम तथा निर्देशिका बनाउने सक्ने**</u>: यस ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम तथा निर्देशिका बनाउन सक्नेछ ।

३४. <u>**कार्यविधि बनाउन सक्ने**</u>: यस ऐन तथा यस ऐनअन्तर्गत बनेको नियम कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

३५. <u>**खारेजी र बचाउ**</u>: (१) राहदानी ऐन, २०२४ खारेज गरिएको छ ।

(२) राहदानी ऐन, २०२४ बमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ ।

संघीय संसद सचिवालय